CITY OF BUFFALO
DEPARTMENT OF PERMIT
AND INSPECTION SERVICES
65 NIAGARA SQUARE, ROOM 324
BUFFALO, NY 14202

BAR CODE
FIRSTNAME LASTNAME
1234 ADDRRESS AVENUE
BUFFALO, NY 14202

GET AHEAD OF LEAD

प्रिय रेंटल प्रपर्टी ओनर,

बफ्लो सिटीमा एक रेजिस्टर रेंटल प्रपर्टी ओनरको रूपमा, तपाईले आफ्नो सम्पत्ति लेड-सुरक्षित राख्न विशिष्ट कदमहरु लिन आवश्यक छ। रोग नियन्त्रण तथा रोकथाम केन्द्रहरूका अनुसार, लेडको सामना गर्ने बच्चाहरू स्थायी रूपमा कम बुद्धिमता, श्रवण क्षमता गुमाउने, र सिक्ने असक्षमताका साथ तिनीहरूको सम्पूर्ण जीवनको लागि प्रभावित छन्। लेड विषाक्तता प्राय:लेड पेन्टबाट धुलोले गर्दा हुन्छ, प्राय: भाडाको आवासमा।

सिटी अफ बफ्लो गेट अहेड अफ लेडको घनिष्ठ साझेदार हो, प्रपर्टी ओनरहरूलाई लेडको विषाक्तता रोक्न सक्ने स्थानीय र संघीय कानूनहरूको पालना गर्न मद्दत गर्ने एक परियोजना। हामी तपाईलाई **www.getaheadoflead.org** मा हेर्न दृढताका साथ तपाईको प्रपर्टी सुरक्षित बनाउन तपाईले लिनु पर्ने चरणहरूको बारेमा बढि जान्नको लागि प्रोत्साहन दिन्छौँ। लेड विषाक्तिका स्रोतहरूको बारेमा बढि जान्नको लागि र लेड सुरक्षित कार्य अभ्यासहरू यस पृष्ठको पछाडि पढ्नुहोस्।

हाम्रो बच्चाहरूलाई स्वस्थ र सुरक्षित राख्न तपाईको सहभागिताको लागि अग्रिम धन्यवाद।

भवदीय,

James Comerford
आयुक्त, अनुमति तथा निरीक्षण सेवा विभाग

# सिटी अफ बफ्लो रेसिडेन्सियल
# लेड जोखिम जानकारी पत्र

**GET AHEAD OF LEAD**

**यस शैक्षिक जानकारीले तपाईको घर र भाडा सम्बन्धी सम्पत्तिहरूमा लेड खतराहरुको वर्णन गर्दछ।**

## समस्या के हो?

- लेड पेन्ट धुलो संयुक्त राज्य अमेरिकामा बाल्यावस्थामा लेड विषाक्तताको सबैभन्दा सामान्य कारण हो।
- १९७८ भन्दा पहिले बनेका घरहरूमा लेड पेन्ट र धुलो सामान्य हुन्छ।
- संयुक्त राज्य अमेरिकामा सब भन्दा पुरानो आवास बफ्लोमा बिक्री वितरणमा छ। १९७८ भन्दा पहिले ९०% भन्दा बढी घरहरू निर्माण गरिएको थियो।

## किन यो महत्त्वपूर्ण छ?

**लेड विषाक्तताको कारणले हुन सक्छ:**

- स्थायी मस्तिष्क क्षति
- सिक्ने अपाङ्गता
- श्रवण क्षमता गुमाउने
- मुटु रोग
- गर्भपात र समयपूर्व जन्म

## मैले के गर्न सक्छु?

प्रपर्टी ओनरहरू, प्रबन्धकहरू, र घरमालिकहरूले लेड-विषाक्तता नवीकरण, मर्मत, र चित्रकला परियोजनाहरूमा प्रयोग भएको समय लेड-सुरक्षित अभ्यासहरु सुनिश्चित गरेर यो रोक्न सक्छन्।

1. पेन्ट गरिएका सतहहरू अवरोध नगर्नुहोस् जुन राम्रो अवस्थामा छ।
2. यदि सतहमा चिपिंग वा पिलिंग पेन्ट छ भने, ३११ कल गर्नुहोस्।
3. लेड-सुरक्षित नवीकरण र मर्मत अभ्यासहरूको बारेमा कक्षा लिनुहोस्। leadsafe@erie.gov मा दर्ता वा 716-961-7582 कल गर्नुहोस्।
4. जब तपाई मर्मत, नवीकरण, टर्नओभर, वा तपाईको घर वा भाडा इकाइहरू पेन्ट गर्नुहुन्छ, लेड-सुरक्षित कार्य अभ्यास प्रयोग गर्नुहोस्।




| | | |
|---|---|---|
| अधिक जानकारीको लागि | कल गर्नुहोस्। | 311 |
| | यहाँ हेर्नुहोस्। | www.getaheadoflead.org |

### इरी काउन्टी स्वस्थ विभाग

- RRP प्रमाणीकरण / कोर्स
- घर मालिकहरूको लागि अनुदान
- ल्यान्डलर्डहरूको लागि अनुदान
- अन्य संसाधनहरू

फोन: 716-961-7582
ईमेल: work.leadsafe@erie.gov

### सिटी अफ बफ्लो

- आवास निरीक्षण र परमिट
- रेंटल रेजिस्ट्री
- लेडपेन्टनोटिसफारम/लेडप्रमाणीकरणफारम
- अन्य संसाधनहरू

फोन: 716-851-5227
ईमेल: leadsafe@city-buffalo.com

**अनुरोधका आधारमा अन्य भाषाहरू उपलब्ध छन्। कल गर्नुहोस्। 716-851-5227**